# हाम्रो रचनात्मक भविष्य
# (OUR CREATIVE FUTURE)


सबैका लागि कला र संस्कृतिलाई अगाडि बढाउन क्षेत्रीय रूपरेखा

**क्लाकमस, मल्टनोमाह, र वाशिंगटन काउन्टीहरू सहित पोर्टल्यान्ड मेट्रो क्षेत्र**









## पोर्टल्याण्डको ट्राइ-काउन्टी क्षेत्रको लागि सांस्कृतिक योजना

# कार्यकारी सारांश

**हाम्रो रचनात्मक भविष्य ट्राइ-काउन्टी पोर्टल्यान्ड क्षेत्रभरी कला र संस्कृतिलाई अगाडि बढाउने क्षेत्रीय रूपरेखा हो। हाल सातवटा स्थानीय सरकारहरू सहभागी भइरहेका छन् र क्षेत्रीय रूपरेखामा आधारित कार्य योजनाहरू बनाइरहेका छन्। अन्य सहर, टाउन, समुदाय र व्यक्तिहरूलाई संसाधनको रूपमा रूपरेखा प्रयोग गर्न आमन्त्रित गरिन्छ।**

## हाम्रो रचनात्मक भविष्य हाम्रो क्षेत्रको भविष्यको लागि सामुदायले नेतृत्व गरेको कला तथा सांस्कृतिक दृष्टि हो।

हाम्रो वरपरको कला तथा संस्कृतिको अभिव्यक्ति हाम्रो क्षेत्रलाई महान बनाउनको लागि महत्वपूर्ण छ। यसले हामीलाई समुदायको रूपमा एकत्रित गर्छ, हामीलाई हाम्रा छिमेकीहरूका बारेमा एक नयाँ दृष्टिकोण दिन्छ, र हाम्रो क्षेत्रको सबैभन्दा महत्वपूर्ण समस्याहरूलाई समाधान गर्न र त्यसलाई सम्बोधन गर्न मद्दत गर्दछ। पछिल्लो क्षेत्रीय योजना बनाउँदा 2009 मा जे सत्य थियो त्यो पन्ध्र वर्षपछि झनै प्रष्ट भएको छ। कला हाम्रो दैनिक जीवनको अभिन्न अंग हो।

यो योजना, हाम्रो रचनात्मक भविष्य, एक क्षेत्रीय रूपरेखा हो जुन समुदायको साझा दृष्टिलाई साकार पार्नको लागि तयार छ, र प्रत्येक समुदायले आफ्ना बासिन्दाहरूका लागि कला तथा संस्कृतिलाई अगाडि बढाउनको लागि यसको प्रयोग गर्न सक्छन्।

सामाजिक न्यायको आन्दोलनमा उठेका भित्तिचित्रदेखि लिएर इतिहासको यो क्षणलाई संरक्षित गर्न लेखिएका कविता तथा निबन्धसम्म, हामी सुन्दरता र पीडाको अभिव्यक्तिका रूपमा कलातिर लाग्यौं। हाम्रो समुदायले महामारीको समयमा एक्लोपन र पृथकीकरणको सामना गर्दै गर्दा, हाम्रो बाहिरी स्थानहरूमा चाडपर्व तथा उत्सवहरूले हामीलाई सुरक्षित रूपमा एकसाथ ल्यायो। हामी अब हाम्रो महामारीपछिको अर्थतन्त्रलाई पुनरुत्थान गर्न सांस्कृतिक कार्यक्रम तथा रचनात्मक व्यवसायहरूमा फर्किरहेका छौं, र हामी नश्लवाद र घरबारविहीनताको आघात (ट्रमा) बाट व्यक्तिहरूलाई बाहिरिन मद्दत गर्न कला-आधारित कार्यक्रमहरूमा लगानी गर्दै छौं।

सबै समुदायका सदस्यहरू हाम्रो घरलाई रमाइलो, जीवन्त, र बस्नको लागि लचिलो स्थान बनाउन ठूला तथा साना तरिकाले हाम्रो कला र संस्कृति प्रणालीमा भर पर्छन्। हाम्रो क्षेत्रका नेताहरूले केन्द्रीय प्रश्नको जवाफ दिन समुदायका सदस्यहरूसँग साझेदारी गरे: "हामी यहाँ बस्ने मानिसहरूको लागि हाम्रो भावी सांस्कृतिक जीवन कस्तो देखियोस् भन्ने चाहन्छौं?"

योजना प्रक्रियाको क्रममा, संचालन समितिले सामुदायिक आवाजको रूपमा काम गर्यो। सँगै, हामीले 50 सुन्ने सत्र, 40+ अन्तर्वार्ता, र दुई क्षेत्रीय सर्वेक्षणहरूको माध्यमबाट 3,500 भन्दा बढी व्यक्तिहरूसम्म पुग्यौं। हामीले सबै विषयका कलाकार, संस्कृतिका वाहक, रचनात्मक, कला र सांस्कृतिक गैर-नाफामुखी संस्था, रचनात्मक व्यवसाय, दाता, दर्शक सदस्य, इच्छुक पेशाकर्मी, विद्यार्थी, शौख भएका व्यक्ति, र सबै प्रकारका कला तथा संस्कृतिको आनन्द लिने अन्य व्यक्तिहरूसँग कुरा गर्यौं।

हामीले सुनेको कुरा स्पष्ट थियो। कला र संस्कृति प्रत्येक समुदायको जीवनयापन र स्वास्थ्यको लागि आधारभूत हो। हामी कलाकार, रचनाकार, संस्कृतिका वाहक, र सांस्कृतिक गैर-नाफामुखी संस्थाहरूको काम यसरी देख्छौं:

- सो क्षेत्रको आर्थिक जीवन्तताको लागि आवश्यक
- कल्याण तथा आफ्नोपनको भावना प्रवर्द्धन गर्न महत्वपूर्ण
- घरबारविहीनता, शहरी जीवन्तता, मानसिक स्वास्थ्य, यातायात, किफायती आवास, सार्वजनिक सुरक्षा, र थप अन्य कुरा जस्ता हाम्रो सबैभन्दा महत्वपूर्ण सामुदायिक समस्याहरूमा सहायता गर्ने।

कलाकार र सांस्कृतिक गैर-नाफामुखी संस्थाहरूले सरकारी प्राथमिकताहरूलाई समर्थन गर्दै गर्दा मानिसहरूको जीवनमा एक ठोस बदलाव ल्याउँछन् भन्ने कुरा स्पष्ट छ। कला तथा सांस्कृतिक समुदाय प्रभाव सिर्जना गर्ने समाधानको हिस्सा हो!

समुदायमा आधारित संचालन समितिले सम्बन्ध र कुराकानीहरूको समीक्षा गर्यो र कला तथा संस्कृतिको लागि एक साझा दृष्टिकोण बनायो:

**प्रत्येक बासिन्दाले हाम्रो जीवनको एक आवश्यक हिस्साको रूपमा सान्दर्भिक तथा गतिशील कला, संस्कृति, र रचनात्मक अनुभवहरूमा पहुँच गर्न सक्ने ट्राइ-काउन्टी क्षेत्र।**

त्यस दृष्टिको जग हाम्रो सरकार, समुदायका नेता, कलाकार, रचनाकार, संस्कृतिका वाहक, र तपाईंहरू मध्ये प्रत्येकद्वारा समर्थित एक स्वस्थ कला तथा सांस्कृतिक समुदाय हो।

हामी यस योजनालाई पूर्ण रूपमा संसाधनयुक्त बनाउन र समुदायको दृष्टिकोणलाई अगाडि बढाउनको लागि समुदाय र सरकारी साझेदारहरूसँग काम गरिरहेका छौं। यस कार्यको एक हिस्साको रूपमा, संचालन समितिले प्रत्येक क्षेत्राधिकार अनुरूप रणनीतिहरू भएको एक सेट साझा लक्ष्यहरू बनायो। हाम्रा लक्ष्यहरू देहायका हुन्:

- सबैलाई प्रतिबिम्बित, सेवा र स्वागत गर्ने एक समावेशी कला तथा सांस्कृतिक समुदायको निर्माण गर्नु
- कला तथा सांस्कृतिक समुदाय भित्र उद्देश्यपूर्ण सम्बन्ध र समन्वय बनाउनु
- पर्याप्त, दिगो आर्थिक सहायता र अन्य संसाधनहरूका साथ कला तथा सांस्कृतिक समुदायलाई सशक्त बनाउनु
- कला तथा सांस्कृतिक समुदायको माध्यमबाट आर्थिक विकासलाई अगाडि बढाउनु
- प्रत्येक समुदायको स्वास्थ्य र विकासमा कला तथा सांस्कृतिक समुदायलाई एक महत्वपूर्ण साझेदारको रूपमा प्रयोग गर्नु।

यी लक्ष्य तथा रणनीतिहरूले हामीलाई एक क्षेत्रको रूपमा साझेदारी गर्नका लागि शक्तिशाली उपायहरू प्रदान गर्दै हाम्रा स्थानीय समुदायहरूको आवश्यकताहरू पूरा गर्न मद्दत गर्नेछन्।

यो कार्य हाम्रो स्थानीय सरकार, सामुदायिक नेता, र कला तथा सांस्कृतिक समुदायलाई दिगो, जीवन्त भविष्य निर्माण गर्नका लागि मिलेर काम गर्न जारी राख्ने आह्वान हो। हाम्रो रचनात्मक भविष्य प्रतिक्षारत छ!

## पूरा योजना यहाँहेर्नुहोस्।

### सामुदायिक कार्यका लागि अवसरहरू

**स्थानीय सरकारको कार्यको अतिरिक्त यो योजना कार्यान्वयन गर्न मद्दत गर्ने तरिकाहरू:**

**वकालत गर्ने**

- आफ्नो समुदायमा आर्थिक सहायता, कार्यक्रम, र परिवर्तनको लागि वकालतमा सहभागी हुने र यसलाई समर्थन गर्ने।
- यस योजनाका सिफारिसहरूको कार्यान्वयनका लागि वकालतमा सहभागी हुने र समर्थन गर्ने।

**सहभागी हुने**

- डाइरेक्टरी, सूचना साझेदारी, नेटवर्क, क्यालेन्डर, र संयुक्त मार्केटिङमा सहभागी हुने।
- सामुदायिक सम्मेलनहरूमा जाने र सम्पर्कमा रहने।

**नेतृत्व गर्ने**


- सामुदायिक नेतृत्वको भूमिका लिने – समिति, बोर्ड, आयोग, वा वकालत समूहमा काम गर्ने, वा पदको लागि उम्मेदवारी दिने।

### सहर र टाउनहरूका लागि अवसरहरू

**आफ्नो समुदायमा कला र संस्कृतिलाई अगाडि बढाउने तरिकाहरू:**

- योजनाका सिफारिसहरू मध्येबाट छनौट गर्ने र आफ्नो समुदायमा महत्वपूर्ण कुराहरू बारे कदम चाल्ने।
- जानकारी तथा सहायताको लागि स्थानीय कला एजेन्सीहरूको नेटवर्कमा सम्पर्क गर्ने। त्यो नेटवर्कमा जोडिने बारे विचार गर्नुहोस्।

# क्षेत्रीय सांस्कृतिक योजना रूपरेखा




आफ्नो समुदाय/शहर सँग अनुकुल हुने फ्रेमवर्क मा सबै समुदायको पहुँच छ।

# योजना प्रक्रिया

## संलग्नताका लागि लक्ष्यहरू

1. यस क्षेत्रका विभिन्न समुदायका सदस्यहरूसँग संलग्न हुनुहोस्
2. संलग्नताको लागि यस क्षेत्रको आवश्यकताहरू पूरा गर्ने र लचिलो तथा उत्तरदायी रहेको एक समावेशी दृष्टिकोण सह-निर्माण गर्नुहोस्।
3. रुचि, संलग्नता, र पारदर्शितालाई प्रोत्साहन गर्ने आकर्षक संचार बनाउनुहोस् र प्रसार गर्नुहोस्

## हामीले के सोध्यौं

1. तपाईंको समुदायलाई अगाडि बढ्न मद्दत गर्ने यो योजनाका अवसरहरू कहाँ छन्?
2. यस क्षेत्रको भविष्यको बारेमा सोच्दै गर्दा, तपाईं आज भन्दा के फरक भएको चाहनुहुन्छ? के कुराले काम गरिरहेको छ? के क्याले काम गरिरहेको छैन?
3. तपाईंले योजनामा सम्बोधन/प्राप्त गर्न चाहनुहुने शीर्ष 2–3 प्राथमिकताहरू के-के हुन्?
4. यो योजनाको सफलताको परिभाषा के हो?

## संलग्नता सत्रहरू

**50** छलफल समूहहरू

**40+** अन्तर्वार्ता

**2,184** सर्वेक्षण सहभागीहरू


***"कला हामीलाई सामना गर्न मद्दत गर्ने टुल मात्र होइन; यो हाम्रो जीवनका कथाहरू र हामीले बुझेका कुराहरू बताउने तरिका हो।"***

— घरविहीन युवा छलफल सहभागी

## अनुसन्धान

### तथ्याङ्कीय रूपमा मान्य सार्वजनिक राय सर्वेक्षण

705 पूरा भयो




**यहाँ, देहायका सहित, सबै अनुसन्धान रिपोर्टहरू हेर्नुहोस्:**

खुला कल सामुदायिक सर्वेक्षण

आर्ट्स ग्रान्टमेकिङ रिभ्यु

आर्ट्स फण्डिङ मोडेल रिभ्यु

आर्ट्स डिमाण्ड स्टडी

क्रिएटिभ इकोनोमी पोर्ट्रेट

# हामीले के सिक्यौं


## 1. सम्पूर्ण क्षेत्रमा, बासिन्दाहरूले आफ्नो र आफ्नो समुदायका लागि कला तथा संस्कृतिलाई उच्च महत्व दिन्छन्। लगभग दुई-तिहाई सक्रिय रूपमा सहभागी हुन्छन्। तिनीहरूले कला र संस्कृतिको लागि समता, पहुँच, समावेशीकरण र आर्थिक सहायतालाई प्राथमिकता दिन्छन्।

नोट: उद्धृत गरिएका सबै सर्वेक्षण तथ्याङ्कहरू सांख्यिकीय रूपमा मान्य सर्वेक्षणबाट हुन्।

### वासिन्दाहरूका प्राथमिकताहरू

कला तथा संस्कृतिका लागि

उच्च प्राथमिकता | न्यून प्राथमिकता | प्राथमिकता नरहेको




कला तथा रचनात्मक अवसरहरू सबैका लागि थप पहुँचयोग्य बनाउने

सृजनात्मक गतिविधि तथा अवसरहरूमा सबै समुदायहरूको समान पहुँच सुनिश्चित गर्ने

सबै बासिन्दाहरूलाई सांस्कृतिक अनुभवहरू साझा गर्न थप समावेशी कार्यक्रमहरू प्रदान गर्ने

कलाको लागि समर्पित कोष प्रदान गर्ने

Q17. ट्राइ-काउन्टी कला तथा सांस्कृतिक योजनाको उद्देश्य बासिन्दाहरूको जीवनको गुणस्तर बढाउनु हो। योजनाले ध्यान दिनुपर्ने दीर्घकालीन प्राथमिकताहरूको बारेमा विचार गर्नु परेमा, कृपया निम्नलाई मूल्याङ्कन गर्नुहोस्।


यस क्षेत्रभरी,

# 80%

त्रि-काउन्टीका बासिन्दाहरूले

**समर्पित कला कोषलाई समर्थन गर्छन्**


दृढतापूर्वक वा केही हदसम्म समर्पित कला कोषमा वृद्धिको समर्थन गर्नेहरू कुनै कला वा सांस्कृतिक कार्यक्रममा सहभागी हुन्छन्:



## 2. कला तथा सांस्कृतिक समुदायले धेरै र बिग्रँदै गएका चुनौतीहरूको सामना गर्छन्, र एक रचनात्मक केन्द्र र बस्नको लागि वांछनीय स्थानको रूपमा हाम्रो ट्राइ-काउन्टी क्षेत्रको प्रतिष्ठा कम भएको छ।

### पाँच वर्षको अवलोकन — कुल कला तथा संस्कृति अनुदानहरू

पोर्टल्याण्ड ट्राइ-काउन्टी क्षेत्रका नौ ठूला सार्वजनिक तथा निजी कला कोषकर्ताहरूद्वारा गैर-नाफामुखी कला तथा सांस्कृतिक संस्थाहरू र व्यक्तिगत कलाकारहरूलाई दिइने अनुदान समेट्छ।



# 3. कला तथा संस्कृतिले हाम्रो समुदायलाई लाभ पुर्‍याउने अनेक भूमिका खेल्छन्।

## सार्वजनिक राय सर्वेक्षण

**अधिकांश बासिन्दाहरू कलात्मक, सांस्कृतिक, र रचनात्मक समुदायहरू आफैं, तिनीहरूको परिवार र तिनीहरूका स्थानीय समुदायहरूका लागि लाभदायक हुन्छन् भन्ने कुरामा सहमत छन्।**

**ट्राइ-काउन्टीका बासिन्दाहरू:**
- दृढतापूर्वक सहमत
- केही हदसम्म सहमत

"कला तथा रचनात्मक शिक्षाको आनन्द लिने अवसरहरू पाउनु मेरो र मेरो परिवारको लागि आवश्यक छ।"

41% 44% **85%**

"हाम्रा कला, सांस्कृतिक, र रचनात्मक समुदायहरूले हाम्रो अर्थतन्त्रको लागि महत्वपूर्ण रहेको रचनात्मकता तथा नवीनतालाई बढावा दिन मद्दत गर्छन्।"

52% 36% **88%**

**74%** ट्राइ-काउन्टीका बासिन्दाहरू विगत छ महिनामा कम्तीमा एउटा कला/सांस्कृतिक कार्यक्रममा सहभागी भएका छन्।

***"हामी हाम्रो काउन्टी र यस बाहिर कलाका अवसरहरूमा सबै संस्कृतिहरूलाई एकीकृत र सामेल गर्न चाहन्छौं। हामी हाम्रा अनुभवहरू साझा गर्न र यसको विकास गर्न चाहन्छौं।"***

— सामुदायिक सर्वेक्षण उत्तरदाता

## 4. कला तथा संस्कृतिले यस क्षेत्रको अर्थतन्त्रमा विकास गर्छ र सार्वजनिक लगानीमा उच्च दरको प्रतिफल उत्पन्न गर्छ। लक्षित लगानी र थप विकासका लागि धेरै अवसरहरू छन्।

### 2022 मा, हाम्रो गैर-नाफामुखी कला र संस्कृतिले निम्न आर्जन गरे:

**$459M**
आर्थिक प्रभावमा

**~6,900**
पूर्णकालीन जागिरलाई समर्थन गर्ने

**$10.5M**
सहर तथा काउन्टीको करमा

**~5.2M**
र कुल

जना दर्शकलाईसेवा प्रदान गरे

कला तथा आर्थिक समृद्धि 6 (AEP6)

### 2002 मा, दुबै गैर-नाफामुखी र नाफामुखी रचनात्मक व्यवसायहरू सहित हाम्रो पूर्ण रचनात्मक अर्थव्यवस्था उत्पन्न भए:

**रचनात्मक कार्यहरू**

**44,704**
2022 मा रचनात्मक कार्यहरू

**3%**

**2021** देखियस क्षेत्रमा
**1K** बढी

**सबैभन्दा धैरै संख्यामा रोजगारी भएका पेशाहरू**

- 4,265 मार्केटिङ प्रबन्धक
- 3,136 ग्राफिक डिजाइनर
- 2,354 सार्वजनिक सम्बन्ध विशेषज्ञहरू
- 1,999 फोटोग्राफर
- 1,995 वास्तुकारहरू (w/ अपवाद)

**रचनात्मक उद्योग**

**$5.0B** उद्योगको आय

**6%**

**$308.8M 2021** देखियस क्षेत्रको रचनात्मक उद्योग आयमा

**सबैभन्दा धैरै आम्दानी भएका उद्योगहरू**

| | |
|---|---|
| सफ्टवेयर प्रकाशक | $1.8B |
| विज्ञापन एजेन्सीहरू | $397.8M |
| वास्तुकला सम्बन्धी सेवा | $346.3M |
| इन्टरनेट प्रकाशक | $240.1M |
| फिल्म तथा भिडियो उत्पादन | $187.1M |

*पोर्टल्याण्ड ट्राइ-काउन्टी क्रिएटिभ इकोनोमी स्रोत:* WESTAF Creative Vitality Suite

# लक्ष्य तथा रणनीतिहरू

## लक्ष्य एकः सबैलाई प्रतिबिम्बित गर्ने, सेवा गर्ने र स्वागत गर्ने समावेशी कला तथा सांस्कृतिक समुदायको निर्माण गर्नु।

**सबै समुदाय र मानिसहरू यस क्षेत्रको कला तथा संस्कृति समुदायका मूल्यवान सदस्य हुन् र यसको सांस्कृतिक समृद्धिमा साझेदारी गर्छन्। BIPOC, आप्रवासी, LGBTQIA+, अपाङ्गता भएका व्यक्ति, र तीनवटा काउन्टीहरूका प्रत्येक टाउन र प्रत्येक सहरका मानिसहरूलाई हाम्रो सामूहिक क्षेत्रीय संस्कृतिमा योगदानकर्ताको रूपमा समर्थन गरिन्छ।**

### रणनीतिहरू

1.1 BIPOC, आप्रवासी, LGBTQIA+, अपाङ्गता भएका व्यक्ति, घरविहीन, न्यूरोडाइभर्स, ज्येष्ठ नागरिक, अवसर युवा (शिक्षा तथा कामबाट विच्छेद भएका 16-24 वर्षका युवाहरू) र तिनीहरूका समुदायमा आधारित संस्थाहरूको कला तथा संस्कृतिका लागि आर्थिक सहायता तथा अन्य संसाधनहरू उपलब्ध गराउने।

1.2 कम मान्यताप्राप्त जनसंख्या र समुदायहरूका लागि पुस्तकालयहरू, पार्कहरू, र अन्य सामुदायिक वातावरणमा कार्यक्रमहरूको लागि बढ्दो सहयोग प्रदान गर्ने।

1.3 क्षेत्रभरका सहरहरूलाई तिनीहरूको स्थानीय कला तथा संस्कृतिको विकास गर्न सहयोग सेवाहरू प्रदान गर्ने।

1.4 काउन्टीहरूमा साना सहर र असंगठित क्षेत्रहरूमा कार्यक्रम, कलाकार, समूह, र स्थानहरूका लागि सहयोग सेवाहरू प्रदान गर्ने।

1.5 शुल्क, यातायात, पार्किङ, र खानाको उपलब्धता जस्ता सुविधास्थल तथा स्थानको प्रयोगमा अवरोधहरूलाई सम्बोधन गर्ने। साथै, तल 3.3, किफायती स्थान कार्यक्रम हेर्नुहोस्।

1.6 BIPOC संस्था र कला तथा संस्कृतिको माध्यमबाट सेवा गर्ने अन्य संस्थाहरू (जस्तै, घरबारविहीन, अवसर युवा, अपाङ्गता भएका व्यक्तिहरू) का लागि जातीय तथा सांस्कृतिक समता कोष सिर्जना गर्ने, साथै संगठनात्मक वृद्धि तथा दिगोपनको लागि मार्ग बनाउने।

1.7 स्थानीय कला एजेन्सी र सांस्कृतिक समता कार्यालयहरू विकास गर्न सहर तथा काउन्टीहरूको लागि सहयोग तथा उत्कृष्ट अभ्यासहरू प्रदान गर्ने।

1.8 कला र संस्कृतिसम्बन्धी कार्यक्रम, स्थान, र अपाङ्गता भएका व्यक्तिहरूको लागि अवसरहरूमा व्यापक रूपमा पहुँच सुधार तथा आर्थिक सहायता।

1.9 K-12 कला शिक्षा र रचनात्मक युवा विकासको लागि सहयोग जारी राख्ने तथा विस्तार गर्ने।

1.10 यस क्षेत्रका सहर र काउन्टीहरूमा सार्वजनिक कला कार्यक्रमहरूको लागि सहयोग जारी राख्ने तथा विस्तार गर्ने।

1.11 कला र सांसकृतिक समुदायमा परिष्कृत र समावेशी नेतृत्वको विकास गर्ने।

# लक्ष्य दुई: कला र सांस्कृतिक समुदायभित्र उद्देश्यपूर्ण सम्बन्ध र समन्वय बनाउने।

**कला र सांस्कृतिक समुदायका सदस्यहरू राम्रोसँग जोडिएका छन् र आवश्यकता अनुसार सँगै मिलेर काम गरिरहेका छन्। तिनीहरूले क्षेत्रीय कला तथा सांस्कृतिक समुदायको स्वतन्त्र र अन्योन्याश्रित (एक अर्कामा निर्भर) दुवै टुक्राको रूपमा आफ्नो अन्तरसम्बन्धलाई पनि पहिचान र व्यक्त गर्दछन्।**

## रणनीतिहरू

2.1 कला तथा सांस्कृतिक समुदायलाई कलाकार, संस्कृतिका वाहक, कारीगर, गैर-नाफामुखी, व्यावसायिक कला, र अन्य कुराहरूलाई समावेश गर्ने उद्देश्यपूर्वक प्रयासहरू सहित समावेशी र पारस्परिक सहयोगीको रूपमा हेर्ने।

2.2 व्यावसायिक वा अर्ध-व्यावसायिक कलाको क्षेत्रमा काम गर्ने व्यक्तिगत रचनात्मक तथा साना व्यवसायहरू समावेश गर्नको लागि आर्थिक सहायता, सहयोग सेवा, र वकालतका प्रयासहरूलाई व्यापक बनाउने।

2.3 कला तथा सांस्कृतिक समुदायको कामको समर्थनमा प्रभावकारी सार्वजनिक नीति तथा कार्यको वकालत गर्ने।

2.4 यस क्षेत्रमा कला तथा संस्कृतिको व्यापक जनचेतना र बुझाइको निर्माण गर्ने।

2.5 अन्तरसरकारी सम्झौतालाई प्रतिस्थापन गर्न र क्षेत्रीय कला नेतृत्वलाई सुदृण बनाउन स्थानीय कला एजेन्सीहरू (उदाहरण: पोर्टल्याण्डको सहर कला कार्यक्रम, काउन्टी कला कार्यक्रम, सहर कला कार्यक्रम, काउन्टी सांस्कृतिक गठबन्धन, RACC) को नेटवर्क विकास गर्नुहोस्।

2.6 कला तथा सांसकृतिक समुदायभित्र सूचना तथा संसाधनको साझेदारी र नेटवर्किङ प्रवर्द्धन गर्ने।

# लक्ष्य तीन: पर्याप्त, दिगो कोष र अन्य संसाधनका साथ कला तथा सांस्कृतिक समुदायलाई सशक्त बनाउने।

**कला तथा सांस्कृतिक समुदायलाई उल्लेखनीय रूपमा वृद्धि भएको कोष, किफायती स्थान, कलामैत्री नीति, र थप कुराहरूका माध्यमबाट सशक्त रूपमा समर्थन गरिएको छ, जुन यस क्षेत्रभरीका समुदायहरूमा कला र संस्कृतिको पूरा शक्तिलाई सक्षम गर्न पर्याप्त छ।**

## रणनीतिहरू

3.1 गैर-नाफामुखी संस्था, प्रत्येक कलाकार/रचनाकार, र साना व्यावसायिक कला उद्यमहरूका लागि यस क्षेत्रभरी कोषमा उल्लेखनीय वृद्धि गर्ने। यसमा पोर्टल्यान्ड कला शिक्षा तथा पहुँच कोष (Portland Arts Education and Access Fund) अद्यावधिक गर्ने, क्षेत्रीय मेट्रो राजस्व स्रोत सिर्जना गर्ने, नयाँ स्थानीय काउन्टी र सहर कर पहलहरू सिर्जना गर्ने, र/वा वृद्धि भएको काउन्टी/सहरको निर्धारण गर्ने कार्य समावेश हुन सक्छ। कलाकार, कला तथा सांस्कृतिक संस्था र कार्यक्रमहरूको लागि कोषलाई प्राथमिकता दिने।

3.2 कोष, नेटवर्किङ, व्यावसायिक विकास/प्रशिक्षण, र सल्लाह जस्ता कलाकार र तिनीहरूको सञ्जालहरूको लागि सहयोग सेवाहरू प्रदान गर्ने, जस्तै ।

3.3 डाइरेक्टरी, भाडा अनुदान, स्थान परियोजनाहरूको सहजीकरण, प्राविधिक सहायता, मिल्दो पुँजी अनुदान, अवसरहरूको पहिचान, र बढ्दो पहुँचको लागि सहयोग जस्ता तत्वहरू सहित एक व्यापक किफायती स्थान कार्यक्रमको विकास गर्ने। खाली व्यावसायिक स्थानहरू प्रयोग गर्ने अवसरहरू पहिचान गर्नुहोस्।

3.4 समता र पहुँचमा उत्कृष्ट अभ्यासहरूसँग कला कोष नीतिहरूलाई मिलाउने।

3.5 बढ्दो सहयोग तथा सहकार्यलाई प्रोत्साहन गर्न फाउन्डेशन कला फण्डर र कर्पोरेट कला फण्डरहरूको सक्रिय समूहलाई बोलाउने।

3.6 विद्यमान युनाइटेड आर्ट्स फण्ड (वार्षिक युनाइटेड वे-शैलीको कोष सङ्कलन अभियान) को पुनर्निर्माण, कार्यस्थल दिने कार्यक्रमलाई सशक्त बनाउने र प्रत्येक दाताहरूलाई मान्यता तथा समर्थन प्रदान गर्ने कार्यको अन्वेषण गर्ने। कोषको लागि कर्पोरेट र आधारभूत सहयोग पुनर्स्थापित गर्नुहोस्।

3.7 MusicPortland, Oregon Media Production Association, Portland Events and Film Office, Arts Concierge, आदि जस्ता यस योजनाका लक्ष्यहरू प्राप्त गर्न सेवा संगठनहरूका रणनीतिक भूमिकालाई स्वीकार तथा सहयोग गर्ने।

3.8 सामुदायिक मार्केटिङ तथा दर्शक विकास कार्यक्रमको माध्यमबाट रचनात्मकता र कला प्रवर्द्धन गर्ने।

3.9 कला र यसका प्रयोगकर्ताहरूको लागि Portland'5 Centers को स्थिरताको लागि एक प्रणालीगत समाधानको विकास गर्ने।

# लक्ष्य चार: कला र सांस्कृतिक समुदाय मार्फत आर्थिक वृद्धि ड्राइभ गर्नुहोस्।

**कला तथा सांस्कृतिक समुदायले आर्थिक समृद्धि, रोजगारीको वृद्धि, उद्यमशीलता, पुनरुत्थान, र सबैका लागि गुणस्तरीय जीवनको लागि आफ्नो भूमिका बढाउँछ।**

## रणनीतिहरू

4.1 संगीत, चलचित्र, मिडिया, फेसन र डिजाइन जस्ता व्यावसायिक कला क्षेत्रको लागि आर्थिक विकास सम्बन्धी सहयोग प्रदान गर्ने। उच्च-प्राथमिकता सहयोगहरू पहिचान गर्न र प्रदान गर्न सेवा संगठनहरूसँग परामर्श तथा साझेदारी गर्ने।

4.2 व्यावसायिक कला क्षेत्रहरूको लागि बजार बनाउने। बजार बनाउनको लागि विशेष अवसरहरू पहिचान गर्न सेवा संगठनहरूसँग परामर्श तथा साझेदारी गर्ने।

4.3 डाउनटाउन पोर्टल्यान्ड, सहर केन्द्र, टाउन केन्द्र, मुख्य सडक, सांस्कृतिक डिस्ट्रिक्ट, र कोरिडोरहरूलाई पुनरुत्थान गर्ने टुलको रूपमा कला तथा संस्कृतिमा लगानी गर्ने।

4.4 साँस्कृतिक पर्यटन प्रवर्द्धनका गर्नका लागि पर्यटन संगठनहरूसँगको सहकार्य तथा समन्वयलाई सुदृढ गर्ने।

4.5 कार्यबल विकासमा कला र संस्कृतिलाई एकीकृत गर्ने। कला तथा सांसकृतिक समुदायमा रोजगारीका लागि मार्गहरू बनाउने।

4.6 रचनात्मक अर्थव्यवस्थाको रणनीतिक विकास योजना बारे अनुसन्धान र विकास गर्ने।

4.7 रचनात्मक अर्थव्यवस्थाको रणनीतिक विकास योजना बारे अनुसन्धान र विकास गर्ने।

# लक्ष्य पाँच: प्रत्येक समुदायको स्वास्थ्य र विकासमा कला तथा सांस्कृतिक समुदायलाई महत्वपूर्ण साझेदारको रूपमा उपयोग गर्ने।

**कला र संस्कृतिलाई सामाजिक सेवा, स्वास्थ्य, उपचार, यातायात, सार्वजनिक सुरक्षा, शिक्षा, र अन्य क्षेत्रहरूमा साझेदारको रूपमा मान्यता, महत्व, र सहयोग दिइन्छ।**

## रणनीतिहरू

5.1 स्थानीय सरकारहरूले कला र संस्कृतिमा आफ्नो सामाजिक सेवा सम्बन्धी मिसन र स्वास्थ्य, यातायात, आवास, सामुदायिक संलग्नता, सार्वजनिक सुरक्षा, आदि जस्ता अन्य कार्यहरूको टुलको रूपमा लगानी गर्छन्। कला र संस्कृतिलाई समाधानको हिस्साको रूपमा मान्नुहोस्। अन्य स्थानहरूमा सफल कार्यक्रमहरूको उत्कृष्ट अभ्यासहरू निर्माण गर्ने।

5.2 नगरपालिकाका कार्यहरूमा कला र संस्कृतिको प्रयोगमा सफलता देखाउन र ती प्रयासहरूमा सुधार ल्याउन मेट्रिक्स र मूल्याङ्कनहरूको विकास गर्ने।

5.3 क्षेत्रभरी समावेशी, सौख, समुदायमा आधारित रचनात्मकता मान्ने र समर्थन गर्ने कार्यक्रमहरू बनाउने।

5.4 निजी घर जग्गा विकासभित्र सार्वजनिक कलाको आवश्यकता वा प्रोत्साहनको लागि नीतिहरू अन्वेषण र विकास गर्ने। 1.3 हेर्नुहोस्। यस क्षेत्रमा सार्वजनिक कला कार्यक्रमहरूको सफल अनुभवको निर्माण गर्ने।

# योजनाको नेतृत्व

## हाम्रो रचनात्मक भावी संचालन समिति

समितिका सदस्यहरूलाई क्लाकमस, मल्टनोमाह र वाशिंगटन काउन्टीहरू; बीभर्टन, हिल्सबोरो र पोर्टल्याण्ड शहरहरू; मेट्रो क्षेत्रीय सरकार; र क्षेत्रीय कला तथा संस्कृति परिषद (RACC) सहित सहभागी अधिकार क्षेत्रका अधिकारीहरूद्वारा मनोनित गरिएको थियो। तिनीहरूले विविध पृष्ठभूमि, नश्ल, जाति, सांस्कृतिक चालचलन, र चिनिने तरिकाहरू (जस्तै, अशक्तता; काला, आदिवासी, ल्याटिनक्स, एसियन, प्यासिफिक, आइल्याण्डर र अश्वेत मानिसहरू; LGBTQIA+ पहिचानहरू; र दिग्गज समुदायहरू) लाई प्रतिनिधित्व गर्दछन्। तिनीहरूले कला, संस्कृति, रचनात्मक अर्थतन्त्र, शिक्षा, व्यापार, सामाजिक न्याय, "असम्भावित सहयोगीहरू" र अन्यहरू सहित समुदायका धेरै क्षेत्रहरूलाई पनि प्रतिनिधित्व गर्छन्।

**Trieste Andrews**, *Oregon City Arts Commission*
**Nicole Bradin**, *Explore Tualatin Valley*
**Julie Bunker**, *Milestone Initiatives*
**Joe Cantrell**, *Artist*
**Gus Castaneda**, *Aloft Hotels*
**Corinn deTorres**, *Chapel Theatre*
**Jerry Foster**, *PassinArt*
**Subashini Ganesan-Forbes**, *New Expressive Works*
**John Goodwin**, *Portland Art Museum*
**Kimberly Howard Wade**, *Caldera Arts*
**Joaquin Lopez**, *Creative Laureate of Portland*
**Jaimie Lorenzini**, *City of Happy Valley*
**Barbara Mason**, *Artist*
**Jeremy Okai Davis**, *Artist*
**Sushmita Poddar**, *साना व्यवसायी मालिक*
**Sankar Raman**, *The Immigrant Story*
**Barbara Steinfeld**, *Consultant*
**Karis Stoudamire-Phillips**, *MERC Commission*
**Toni Tabora-Roberts**, *Consultant*
**Tonisha Toler**, *Collins Foundation*
**Tammy Jo Wilson**, *Art in Oregon*

## परियोजना व्यवस्थापन टोली

Dianne Alves, कार्यकारी निर्देशक, क्लाकमस काउन्टी आर्ट्स एलायन्स

Laura Becker, कला कार्यक्रम प्रबन्धक, बीभर्टन सहर

Jeff Hawthorne, कला कार्यक्रम प्रबन्धक, पोर्टल्यान्ड सहर

Stephan Herrera, कला नीति सल्लाहकार तथा परिषद सम्पर्क, पोर्टल्याण्ड सहर

Michele McCall-Wallace, सांस्कृतिक कला प्रबन्धक, हिल्सबोरो सहर

Mario Mesquita, वकालत तथा संलग्नता प्रबन्धक, RACC

Cristina Nieves, नीति निर्देशक, कमिश्नर Sharon Meieran, मल्टनोमाह काउन्टी

Nancy Nye, कला, संस्कृति तथा कार्यक्रमको वरिष्ठ प्रबन्धक, हिल्सबोरो सहर

Raziah Roushan, कार्यकारी निर्देशक, टुआलाटिन भ्याली क्रिएट्स, वासिङ्गटन काउन्टी

Robyn Williams, कार्यकारी निर्देशक, पोर्टल्यान्ड'5 कला केन्द्रहरू, मेट्रो

## परामर्शदाता टोली

सांस्कृतिक योजना समूह

- Martin Cohen
- Linda Flynn, Ph.D.
- Marlena Reese McKnight, Ed.D.
- David Plettner-Saunders

महानगर समूह

- Eric Block
- Nicole Adams
- LaShawn McCarthy Jr.

Michael Alexander, Ret., पोर्टल्यान्डको सहरी लीग

Kathleen Holt, होल्ट रणनीतिहरू

## आर्थिक सहायता गर्नेहरू (फन्डरहरू)

यो प्रयास निम्न दिइएका उदार फन्डरहरूको सहयोग बिना सम्भव छैन:

बीभर्टन सहर

हिल्सबोरो सहर

पोर्टल्याण्ड सहर

क्लाकमस काउन्टी

मेट्रो

James F. तथा Marion L. Miller फाउन्डेसन

मल्टनोमाह काउन्टी

ट्राभल पोर्टल्यान्ड

टुआलटिन हिल्स पार्क तथा रिक्रिएसन डिस्ट्रिक्ट

टुआलटिन भ्याली क्रिएट्स

वासिङ्गटन काउन्टी

## कभर इमेज क्रेडिट

- **माथिल्लो बायाँ भाग:** Joe Kye Walters मा साउन्डचेक
- **माथिल्लो दायाँ भाग:** Bootycandy—The OUTwright Theatre Festival 2019
- **तल्लो बायाँ भाग:** RACC Garden Party, Dodge & Burn Studios
- **तल्लो दायाँ भाग:** Dodge & Burn Studios

थप जानकारीको लागि, देहायमा सम्पर्क गर्नुहोस् cityartsprogram@portlandoregon.gov
ourcreativefuture.org